

# क्यानाडामा संयूक्त वा मिश्रित वा त्रीपक्षीय–प्रायोजित शरणार्थी पुनर्वास सुचनामुलक पत्रिका – (बुलेटिन)

VOR



NEPALESE

तपाँइ क्यानाडामा पुनर्वास गर्न इच्छुक हुनुभएकोले क्यानडाका अधिकारिहरुले तपाँइको निबेदनको प्रारम्भिक् समिक्षा गरेका छन् ।अब यसपछि के होला भन्ने स्वाभाविक जिज्ञाषा शायद तपाइमा होला। यो पत्रिका -(बुलेटिन)ले सो सम्बन्धि अन्य चरण वा कदम को साथै समग्र क्यानाडा बारे थप जानकारी प्रदान गर्दछ ।



## पुनर्वास प्रकृयावारे तपाइले के था' पाउन जरुरी पर्छ

एउटा योग्य शरणार्थिको रुपमा तपाँइको चयन ९तपाइको अन्तर्बार्ता लगायत, जहाँ लागु हुन्छ० पुनर्बास प्रकृयार्मा एउटा महत्वपूर्ण कदम हो, तर यो पछिल्लो कदम हैन।

यदि तपाइं यस्तो त्रीपक्षीय–प्रायोजित  क्यानाडाली शरणार्थी कार्यकम Blended Visa Office-Referred (VOR) Program / Programme mixte des réfugiés désignés par un bureau des visas (RDBV) , अन्तर्गत छनौट हुनु भा'को भए, क्यानाडा आइपुग्न ६ महिना वा सो भन्दा बढी लागेको हुनु पर्छ।

वे के चरण हुन्छ, हेर्दै जाऊः

निवेदन को प्रकृया

- तपाइंको निवेदन स्वीकृत हुनु भन्दा पहिले तपाइं र तपाइंको परिवारले स्वास्थ्य जांच– पास गर्नै पर्ने हुन्छ ।विगतमा कुनैपनि गम्भिर प्रकारको अपराधजन्य कृयाकलाप नगरेको एबम क्यानाडाको सुरक्षामा आंच नपुग्ने भन्नेकुराको एकिन गर्न तपाइंले सुरक्षा जांच– पास पनि गर्नै पर्ने हुन्छ । यसपछि मात्रै क्यानडाली डासो ले तपाइं क्यानाडा आउन योग्य छ, छैन को टुंगो लाउने छ ।
- यादहोस कि स्वास्थ्य जांच– पास को लागि आदेश वा अनुरोध तपाइंको चयन भएपछि पनि महिनौं लाग्न सक्ने छ ।
- तपाइंले ती तीन :  स्वास्थ्य, सुरक्षा र अपराध सम्बन्धि जांच– पास गरे नगरेको टुंगो लाउन  क्यानाडाली डासो ले तपाइंको निवेदन पूनर्वालोकन गर्ने छ ।
- यदि ती तीन :  स्वास्थ्य, सुरक्षा र अपराध सम्बन्धि जांच– पास नगरे, तपाइंलाइ  क्यानाडा पुनर्वासको लागि  छनौट नगरिन सक्छ ।
- तपाइंकहिले क्यानाडा पुनर्वासको लागि  स्वीकृत हुनुभयो र तपाइंको भ्रमण को चांजो –पाजो मिलेको बारे क्यानडासरकारले  क्यानडाली  आप्रवाशी अन्तराष्ट्रिय संस्था - (आइ. ओ. एम.।ओ. आइ. एम.) - International Organization for Migration (IOM) / Organisation internationale pour les migrations (OIM) वा त्यसले नियूक्त गरेको कुनै अन्य निकाय लाइ जानाकारी प्रदान गर्ने छ।।
- आइ. ओ. एम.।ओ. आइ. एम. वा अन्य निकाय ले क्यानाडा भ्रमण को तयारीको लागि मदत गर्ने छ ।
- केहि देशहरुमा तपाँइलाइ बिदेशमा क्यानडा संबन्धि जान्कारि प्रदानगर्ने कार्यक्रम ९ऋबलबमष्बल इचष्भलतबतष्यल ब्चयबम (COA) अन्तर्गत् आयोजित् पुर्बप्रस्थान जान्कारि सत्रमा सहभागि हुनलाइ आमन्त्रण गरिन्छ। ऋइब नागरिकता तथा अध्यागमन क्यानडाको आर्थिक् सहयोगमा आप्रबासि अन्तर् राष्ट्रीय संस्था (IOM) द्वारा बिश्वभर सन्चालित् आयोजना हो। यि सत्रहरु निशुल्क हुन्छन्। यि सत्रहरुमा तपाइँले क्यानडाबारे र क्यानडामा आगमन् पछि प्राप्तहुने पुनर्बास् सेवा संबन्धि जान्कारि पाउनुहुने छ।

**क्यानाडा प्रस्थान**

- आइ. ओ. एम.।ओ. आइ. एम. वा अन्य निकाय ले तपाइंको क्यानाडा प्रस्थान मिति बारे जनाउ दिनेछ । ती निकाय हरुले तपाइंलाइ बिमानस्थलमा पु–याइ ओरी देखी उडान सम्बन्धि  आबश्यक सबै चांजो–पाजो गरिदिनेछ ।
- यदि तपाइसंग राहदानी वा भ्रमण सम्बन्धि  अन्य आबश्यक सियो -कागजात) नभए , क्यानाडा सरकारले ती सियो जुटाइदिनेछ र तपाइ क्यानाडा भ्रमण गन सक्नु हुनेछ।

- तपाँइको स्वास्थ्य जांचको लागि र क्यानाडा यात्राबापतको सबै खर्च रकम शुरुमा क्यानाडा सरकारले ऋण को रुपमा प्रदान गर्ने छ।अन्ततः उक्त ऋण रकम तपाइले क्यानाडा सरकारलाइ चुक्ता गर्नु पर्ने छ ।यहां आइपुगेको ३० दिन भित्रबाट तिर्न थाल्नु पर्छ र सो रकम हेरी १ बर्ष देखी ६ बर्ष भित्र किस्ताबन्दीमा तिरी सक्नु पर्ने छ।
- तपाइंले यहां आफू र परविारलाइ पाल्न को लागि काम खोज्ने र गर्ने मौका पाउनु हुनेछ ।
- तपाइंले सम्पूर्ण जांच– पास गरी आबश्यक सियो -(कागजात) ठीक हुने बित्तिकै सो आइ. ओ. एम.।ओ. आइ. एम. वा त्यसले नियूक्त गरेको कुनै अन्य निकाय ले बिमानस्थलमा पु–याइ ओरी देखी उडान सम्बन्धि तथा आप्रवाशी सम्बन्धित डासो हरु संग आबश्यक सबै चांजो –पाजो मिलाइ दिनेछ ।




त्रीपक्षीय–प्रायोजित क्यानाडाली शरणार्थी कार्यक्रम बाट क्यानाडा आगमन

यस त्रीपक्षीय– प्रायोजित ख्इच्रच्म्द्यख शरणार्थी हुनुको मतलब, क्यानडाली सरकारले तपाइंलाइ यहां आइपुगेको मितिले ६ महिना सम्म आर्थिक सहयोग र प्रायजसो सबै औषधीमुलोको खर्च ब्यहोर्ने छ ।
अनि, तपाइंलाइ यहां त्यसरी ब्यक्तिगत प्रायोजन गर्ने मण्डली संग पनि मिलान गराइने छ । क्यानाडावसाइको पुरा १ वर्ष सम्म तिनीहरुले तपाइंलाइ भावनात्मक तथा सामाजिक खातिरदारी गर्नेछ। सरकारी ६ महिने आर्थिक सहयोग सकिने वित्तिकै अर्को ६ महिने आर्थिक सहयोग प्रदान गरिदिनेछ।

- यहां आइपुगे पछि, सो त्रीपक्षीय प्रायोजक मण्डल ले तपाइंलाइ बिमानस्थलमा स्वागत गर्नुको साथै यो नञा मुलुकमा - बसोवास ब्यबस्थित गर्न मदत गरिदिनेछ ।
- तिनीहरुले तपाइंलाइ रहन सहन को लागि कि अपार्टमेन्ट, कि घर कि होटल मिलाइदिनेछ । यो बस्ने जगा, उक्त प्रायोजक मण्डल को तजविजमा, शुरुका केही हप्ताको लागि अस्थाइ वा इच्छाय जतिलामै पनि हुन सक्छ ।
- तपाइंलाइ त्यहां खाना, लुगाफाटा दिनेछन।
- क्यानाडाली जीन्दगीको बारेमा समेत तपाइका प्रश्नहरुको उत्तर दिनुको साथै निम्न कुराहरुमा मदत गर्ने छन, जस्तैः

- दोभाषेको ब्यबस्था।
- दन्तुस तथा पारिवारिक वैद्य को छनौट गर्न।
- प्रान्तिय स्वास्थ्य शेवा फर्म भर्न।
- वाल वच्चाको लागि पाठशाला (स्कुल वा विद्यालय) मा भर्ना र बयस्कको लागि भाषा तालिमी भर्ना
- तपाइको जस्तै शोख भा’काहरु संगको भेट परिचय।
- ब्याङ्क संगको कारोवार र यातायात शेवा सम्बन्धि इत्यादि।

हो, क्यानाडाली सरकार र प्रायोजक मण्डलले , शुरुका दिनहरुमा तपाइहरुलाइ हर तरहको मदत गरे पनि बुझ्नु पर्ने गांठी कुरो के भने (क्यानाडामा) तपाइको भविष्य मुख्यत तपाइकै मिहनत मा भर पर्ने हुनाले, तपाइ बढी ब्यबहारिक भइ कडा परिश्रमी हुनु अति जरुरि पर्छ ।

## परिवार सहितको पुनर्वास



- चयन् प्रकृयाको दौरानमा, क्यानाडाली डासोहरुले तपाइहरुलाइ सम्झाएको हुनुपर्छ कि जोइ पोइ का साथै नाबालिग बच्चाहरुले तपाइ संगै फर्म भरेर संग संगै यहां आउन सक्नेछन। क्यानाडा आउनुभन्दा पहिला, यदि तपाइंको परिवारमा कुनैपनि किसिमको अदली –वदली (परिवर्तन) हुन गए, (जस्तैः कि तपाइको बिहे वा पारपाचुके) अथवा बच्चा जन्मिएको भए, तिनीहरुलाइ समेत निवेदनमा समावेशगरी यहां संगै आउन यसको सुचना संयुक्त राष्ट्रसंघिय एजेन्सी ९ग्ल्ज्ञ्च्० र क्यानडाली अध्यागमन अधिकारिलाइ दिनुपर्दछ जस्ले गर्दा तपाइको परिवारको सदस्यको नाम तपाइको आबेदनमा थप्न सकियोस ।''

म परिवार सहित बसाइ सर्न चाहान्छु भन्ने एकदम महत्वपूर्ण कुरा तपाइले यु.एन. एच.सि. आर.९ग्ल्ज्ञ्च्० र क्यानडाली आप्रवाशी डासो दुबैलाइ भन्नु पर्छ । अनि, तपाइले आफना सबै परिवारका सदस्यहरु ( बाल –बच्चा, दाजु भाइ, दिदी बहिनी, आमा बा, जोइ पोइ) चाहे संगै वा अन्त कतै बसेका होउन, को एउटा फेहरिस्त बनाउनु पर्छ ।

त्यस्तै अर्को महत्वपूर्ण कुरा के भने तपाइले यसैबेला आफनो परिवारकोसदस्यहरु कोही अहिलेनै क्यानाडा आउन नचाहेपनि ती सबै लाइ (निवेदनमा) समाबेश गर्नु पर्छ ।

तपाइको उक्त निवेदन– फेहरिस्तमा नपरेका मानिसहरु पछि क्यानाडामा आउन सक्ने छैनन ।

क्यानाडाले, शरणार्थीहरु लाइ पुनर्वास गराउदा चिने जानेका मान्छेको सहयोग मिलोस भनेर सकदो कोशिस गर्ने हुंदा, र यदि तपाइ पनि त्यतैतिर बस्न चाहनुहुन्छ भने, तपाइले चिने जानेका साथीभाइ वा आफन्त कतै यतातिर भए यो कुरा यु.एन. एच.सि. आर.९ग्ल्ज्ञ्च्० र क्यानडाली आप्रवाशी डासो दुबैलाइ था' दिनु पर्छ । यदि तपाइका साथीभाइ वा। किन्तु, यस्तो कार्यक्रम ख्इच्रच्म्द्यख बाट आयका शरणार्थीहरु प्रायोजक मण्डलको मदतप्राप्त हुने जगामा रहेमा बेश ।

## तपाइको आप्रवासी हैसियत




क्यानाडा आगमन लगत्तै तपाइलाइ एउटा कागज -पुर्जा (सियो) दिइनेछ जस्ले तपाइ यहां स्थाइ वासिन्दा भएर बस्न सक्नु हुनेछ। यसको मतलब कानुनतः तपाइ यहां जीन्दगी भर बसी काम गर्न वा पाठशाला जान सक्नु हुनेछ।

**तपाँइले क्यानडामा गत चार बर्षमा कम्तिमा तिन बर्ष ९१,०९५ दिन० बसोबास गरेपछि** र अन्यसम्बन्धित सबै प्रकृया पुरा भएपछि **क्यानडाको**, नागरिकताको लागि निवेदन दिन सक्नु हुनेछ।


## तपाइ क्यानाडामा कहां बस्नुहोला




क्यानाडा विश्वको सबभन्दा दोश्रो ठूलो देश हो जहां धेरै शहरहरु हुनुको साथै मान्छेको आवादी (वस्ती) नभएको क्षेत्र पनि छन। धेरै शहरहरु दक्षिणी भेगमा छन। मान्छेको आवादी (वस्ती) भएको क्षेत्रहरु टाढ टाढा छन, उडीजादा पनि घण्टौ लाग्न सक्छ, जस्तै : टरन्टो र भ्यानकुवर ४३०० किमी भन्दा बढी दुर छ, उडीजादा ४ घण्टा भन्दा बढी लाग्न सक्छ। तपाइको वसो वासवाला जगा चाहिं तपाइकै प्रायोजक मण्डल बसेको ठाउमा हुनेछ।

ह्नत, तपाइ यहां जहां पनि आफनो मर्जी जान -(वसोवास) गर्न पाउनु हुन्छ, तर, प्रायोजक मण्डल को खातिरदारी_पाउनको लागि , त्यही ठाउंमा कम्तिमा १ बर्ष बस्ने सल्लाह दिन्छौं । कथम कदाचित आफनो मर्जीले अन्त कतै वसाइ सरे, _प्रायोजक मण्डल ले खातिरदार गर्न सक्ने छैन, न त प्रायोजित अबधीभरी सरकारी सहयोृग नै प्राप्त हुनेछ। यस्ता त्रिपक्षिय प्रायोजक मण्डल को कामगराइ र बुझाइ के भने, तपाइहरु, आफनो मर्जी जहा घुमफिर गर्न पाए तापनि, तिनीहरु कै समुदाय मा वसो बास गरेको खण्डमा मात्रै, त्यहा छोडी गए मा हैन नी, पहिलो १ वर्ष सहयोग गर्न उनीहरु बाध्य हुनेछन र काम धन्दा गरी तपाइ आत्मनिर्भर बन्न सक्नुहुनेछ।

## क्यानाडामा मदत




यहां, तपाइहरु सामेल (संलग्न) हुन सक्ने धेरै ,केटा, केटी तथा बालबच्चावाला सामुदायीक संघ संस्थाहरु छन। परिवार सबै नै सामेल हुन सक्ने कुनै शुल्क वाला त कुनै निःशुल्क वाला कृयाकलाप हरु थुप्रै छन र तपाइले चाहे फुटबल वा पौडी आदि खेलकुदमा आफै लाग्न सक्नु हुनेछ।

तपाइहरुको ठाउमा यदि रिकुटेको लागि भेलाहरु लागे वा भए, त्यस्तामा जाने गर्नूहोला।यस्ले नञा इष्ट मीत्र बनाउन र के के विविध सामुदायीक शेवाहरु पाउन सकिन्छ था' लाग्छ।

अनि, आफनै रैथाने समुदायका मानिसहरु फेलापरे तिनीहरुले यहांको जीवनमा घुलमिल हुन मदत गर्न सक्छ, तर यसो भन्दैमा अरुसंग पनि परेको वखत मदत माग्न डराउनु पर्दैन ।

## क्यानाडाली समाज



यहां लोग्नेमान्छे र आइमाइ समान र सम आदर्णीय हुन्छन। सबै वर्ग, संस्कृति, जन जाति र धर्मका मान्छेहरु एक आपसमा घुलमिल हुन्छन, र तिनीहरुलाइ एकसमान ब्यबहार गरिन्छन।

यहां, अरुको स्वतन्त्रताको पनि कदर गर्दै, आफनो मनका कुरा भन्न (तपाइलाइ) पुरा स्वतन्त्रता छ । हुनसक्छ, उता तपाइलाइ सारा परिवार सगोलमा बसी मिलेर कामकुरो गर्ने बानी वसेको भए, यहां आइपुगे पछि अकेलो भा'को जस्तो, कस्तो नियाश्रो भा जस्तो भ्रम पर्न सक्छ, तर वास्तवमा त्यसो होइन, बाबै ।परेका बखत कसैलाइ सम्पर्क गर्नुस। तपाइको प्रायोजक मण्डल संग कुराकानी गर्नुस वा _ समुदायमा कोही संगसम्पर्क गर्नुस। क्यानडाली जीन्दगी मा घुलमिल हुन मदतगारहरु यहां छरपस्टै पाउनु हुनेछ।

## आफन्तलाइ यहां प्रायोजन वा झिकाउन् –बोलाउन् पर्दा पर्दा



यहां तपाइको वन्दोवस्त भइ सकेपछि, आफन्तहरुलाइ यतै बोलाउन सक्नु हुनेछ। यस्मा यादगर्नुपर्ने कुरा के भने, झिकाउने प्रकृया लम्बेतान हुन गइ तिनीहरुलाइ धेरै वर्षसम्म देख्न पाउनु हुनेछैन। आफन्तहरु भन्नाले : बा , आमा, बाजे बज्यै, जोइ पोइ र नाबालिग बच्चाहरु लाइ जनाउछ। तिनीहरु -को नाम) निवेदन फर्म भर्दा लेखियको हुनेछ। तर पछि आएर, दाजु भाइ, दिदी बहिनी, काका काकी,भाञ्जा भाञ्जी तथा बालिग बच्चाहरु लाइ भने झिकाउन पाउनु हुनेछैन। आफन्तहरुले तपाइ बसेको पुरा हुलाकि ठेगाना देखी लिएर शहर, प्रान्त ठयाक्कै था'पाको छ छैन तपाइले यकिन गर्नु पर्छ।

## काम को खोजी







हुनत, आएको पहिलो बर्षभरी तपाइ र तपाइको परिवारले आर्थिक सहायता पाउनुहुनेछ, तथापी जति सके चांडो काम पाइ आफैले कमाउन थाल्नु राम्रो कुराहो। भाषा : अंग्रेजी वा फ्रान्सेली जति राम्रो जान्यो , काम पाउन उति सजिलो हुन्छ। अर्को यादगर्नु पर्ने कुरा के भनेः उता तपाइको देशको कलेज, विश्वद्यिालय आदि को शैक्षिक योग्यताका प्रमाणपत्रहरु यहां मानीदैन, यो सबै को तजविजी अधिकार तपाइ वसेको प्रान्तीय सरकार वा तालुकदार शैक्षिक संस्थान मा निर्भर गर्ने गर्छ।

उता घरमा पैसा पठाइदिन मन लाग्दोहो, पठाउने स्वतन्त्रता त छ नि बाबै, तर, के गर्नु र, धेरैजसो शरणार्थीहरु लाइ आफैलाइ धान्न साह्रो गाह्रो परिरहने हुनाले , त्यसरी पैसा पठाइदिन मुश्किल पर्ने हुन्छ। यादहोस कि यहां घुलमिल भइ रैथाने जस्तो हुन समय लाग्नेछ ।

## खर्च वर्च


यहां आइपुगे पछि शुरुको ६ महिना सरकारले र अर्को ६ महिना प्रायोजक ले आर्थिक सहयता प्रदान गर्नेछ । यो सहयता समाप्त भए पछि, यावत खर्चहरु खाना, बस्न, मासिक भाडा– किराया, पानी, विजुली, लुगा फाटो देखी कर सम्म सबै खर्च आफैले बेहोर्नु पर्ने हुनाले, कसरी खर्च धान्ने सुत्र था' पाउन अतिजरुरि पर्छ ।

## पाठशाला



यहांको निएम मुताविक ६ देखी १६ वर्षका वच्चाहरु अनिवार्य पढनजानै पर्छ, र त्यसको वापत माध्यमीक र उच्च माध्यमीक पाठशालामा तपाइले पैसा तिर्नु पर्दैन। धेरै ले -(करिव १८ बर्षको उमेर हुदामा) उच्च माध्यमीक पासगरेको प्रमाण पत्र पाउछन र पैसा– औकातले भ्याय कोही विद्यार्थीहरु विश्वविद्यालय वा कलेज मा भर्ना हुने गर्छन , किनकि अब यहां पैसा तिर्नु पर्दछ।

## दन्त शेवा



सरकाकरले आगमनको पहिलो वर्षभरी स्वास्थ्य शेवा अन्तर्गत वैद्यावा कहां जानु पर्दा तथा आपतकालिन दन्त शेवाको लागि पैसा बेहोरे तापनि दैनिकी दन्त उपचारको लागि भने एक पैसा पनि दिदैन। दन्तुसकहां जानुपर्दा, प्रायसः आफैले पैसा बेहोर्नु पर्ने हुन्छ।

## पानी र भोजन



यहांको पानी, स्वस्थ्यकर भाकोले पिउन सकिन्छ। घर घरमा रात –दिन तातो र चिसो पानी आइरहन्छ, सिर्फ चाहेको वेलामा धारा खोल्ने र न चाहेको वेलामा वन्द गर्ने गर्नु पर्छ।

यहां विभिन्न सांस्कृतिक पृष्ठभूमीका मानिसहरु वसोवास गर्ने भा'कोले तपाइ ले सधैजसो खाइरहने खाद्यसामाग्री चिजविजहरु : चामल, पाउरोटी, साग सब्जी, मर मसला, दाल, मुर्गा (का मासु) आदि तपाइ वसेको इलाकामै पाउन सकनु हुनेछ। त्यसैगरी, साधारण पसलहरुमा नपाइने विशेष खास खास चिजविजहरु भने :खसीको मासु, अनि हलालवाला मासु पनि पाइने धेरै पसल पनि यहां खुलेकाछन।

## धर्म






यहांको आधारभूत अधिकार मध्ये धर्म को स्वतन्त्रा पनि भा’कोले, यहां धेरै धर्म हरु छन र  तपाइले आफनो धर्म ढुक्क संग मान्न पाउनु हुनेछ।

कसैले वलजफती  धर्म परिवर्तन गराउन पाउदैन। यहांको कानुनले धर्म सहिष्णु र धर्म निरपेक्ष को प्रत्याभूति प्रदान गर्छ।

## मौशम (ऋतु)

यहां, प्राय सबै जसो ठाउमा ४ किसिमको मौशम  (ऋतु) हुने गर्छन : वसन्त, गृष्म, शरद -(फल),र हिउंद। ठूलो देश भा’कोले ती ४ मौशम सबै ठाउमा एकनास न हुने गर्छ । वसन्त - (मार्च,  अप्रिल र मे)मा प्रायस सबै जसो ठाउमा   पानी पर्ने मौशम भा’कोले चिसो चिसो हुनसक्छ। गृष्म -जुन, जुलाइ र अगष्ट) मा प्रायस सबै जसो ठाउमा गर्मी   हुनसक्छ। दिउसोको तापकम धेरै जसो २० डिग्री सेन्टिग्रेड भन्दा माथी र कहिले काहीं ३० डिग्री सेन्टिग्रेड भन्दा माथी पनि पुग्ने गर्छ। अनि शरद  ( सेप्टेम्बर, अक्टोवर र नभेम्बर ) मा मौशम  चिसिन थाल्छ र पानी  पनि पर्ने गर्छ। हिउंद -(डिसेम्बर, जनवरी र फेब्रुवरी ) मा प्रायस सबै जसो ठाउमा ,रात दिन,  तापकम प्राय जसो ० डिग्री सेन्टिग्रेड भन्दा कम अर्थात –३०  डिग्री सेन्टिग्रेड भन्दा कम हुने गर्छ । हिउंद साह्रै कठयाँग्रीने हुनसक्नाले ,लुगा राम्ररी लाउनु पर्ने हुन्छ ।









## अन्तमा केही सल्लाह– साउति

नत्रा जीन्दगीको शुरुवात गर्नु एउटा गजबको काल खण्ड हुने हुनाले, कतिलाइ यो गाह्रो साह्रो लाग्नेछ । घुलमिल हुन समए लाग्नेछ, तसर्थ धैर्य गर्नुहोस। तपाइजस्ता  अन्य धेरै नव आगन्तुक -(रिकुटे वा पाहुना) हरु यहां राम्ररी नै घुलमिल भइ सकेका छन।

अंग्रेजी वा फ्रान्सेली भाषा जान्नु , काम खोज्न तथा शेवाहरु जुटाउन र  यहांको समाजमा घुलमिल हुन अति जरुरी हुन्छ । यहां आउनु अघि उतैतिर ती भाषाहरु सिक्ने मौका पाय सम्म कोशिश गर्नु पर्छ। यहां आइपुगे पछि पनि ती भाषाहरु  अझ राम्ररी  बोल्न, पढन र लेख्न हर मौकाको सदुपयोग गर्न उद्यतरत हुनु पर्छ।

वरीपरीका इष्टमीत्रहरु सबैसित (प्रश्नहरु) सोध खोज गर्ने गर्नू होला।कथम कदाचित  केही चासो खस खस भए तपाइको  प्रायोजकलाइ  भन्नुहोस।_याद गर्नूस कि तपाइलाइ मदतगर्ने मान्छे र शेवाप्रदायकहरु तपाइको वरीपरि नै उपलब्ध छन।